आज मिति २०८० साल श्रावण १४ गते यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यूको अध्यक्षतामा देहायको बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | उप-प्रमुख | |
| ३ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०१ | |
| ४ | कलक बहादुर खडका | वडा अध्यक्ष वडा नं-०२ | |
| ५ | गंग बहादुर खडका | वडा अध्यक्ष वडा नं-०३ | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं-०४ | |
| ७ | प्रेम थापा | वडा अध्यक्ष वडा नं-०५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०६ | |
| ९ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं-०७ | |
| १० | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं-०८ | |
| ११ | गोपाल बहादुर खडका | वडा अध्यक्ष वडा नं-०९ | |
| १२ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं-१० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं-११ | |
| १४ | उत्तरा कुइकेल खडका | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | धर्मराज रसाइली | दलित सदस्य | |
| २० | लाल बहादुर सुनार | दलित सदस्य | |
| २१ | लोकेन्द्र ~~बहादुर~~ वि.क. | दलित सदस्य | |
| २२ | अम्मरराज जोशी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २३ | लाल ब० थापा | इन्जिनियर | |
| २४, | नैन ब० सिंह | स्वास्थ्य शाखा प्रमुख | |
| २५ | लाल ब० खाती | आलेप अधिकृत | |
| २६. | गोविन्द ब० विष्ट | लेखा अधिकृत | |
| २७. | विजय कुमार रजक | योजना अधिकृत | |

२८. तेज बहादुर सिंह — क.अ.

२९. प्रकाशचन्द्र उपाध्याय — सहायक चौथो

३०. धन ब० महर — का.स.

मिति २०८०-०४-१४ गते बसेको नगर कार्यपालिकाको बैठकका निर्णयहरुः

निर्णय नं १

यस नगरपालिका क्षेत्रको फोहोरमैला नगरपालिकाको वडा नं १० स्थित वाउलीगाडको किनारा हाल बन्दै गरेको बसपार्क मा अस्थायी रुपमा व्यवस्थापन गर्दै आइरहेकोमा उक्त क्षेत्रमा बसपार्क निर्माणको कार्य भइ रहेको र फोहोर विसर्जन गर्न समेत नदिइएकोले हाललाई अस्थायी रुपमा व्यवस्थापनको विकल्प खोजन्न छलफल गरियो ।

निर्णय नं २

जयपृथ्वी नगरपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचार संहिता,२०८० दफावार छलफल भई स्वीकृत गरी पारित गर्ने निर्णय गरियो।

निर्णय नं ३

यस नगरपालिकाको डोजर भ्याकुलोडर संचालन कार्यविधि, २०८० अध्ययनको लागि कार्यपालिका सदस्यहरुलाई समय दिई आगामी कार्यपालिका बैठकमा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४

यस नगरपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा स्वास्थ्य सेवा तर्फका विभिन्न पदका विभिन्न मितिमा कामकाजमा खटी आएका कर्मचारीहरुलाई सम्वन्धित निकायमा फिर्ता पठाउने र समायोजन, समायोजन संशोधन र समायोजन मिलान भइ यस नगरपालिकामा कामकाज गरिरेहका कर्मचारीहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कर्मचारी प्रशासन शाखाको च.न. ४७, मिति २०८०।०४।०८ को परिपत्र बामोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस नगरपालिका अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुलाई २०८० श्रावण देखि आश्विन (३ महिना ) सम्मका लागि सेवा करार म्याद थप गर्ने र तत् पश्चात थप आवश्यक निर्णय लिन तपसिल बमोजिमको करार कर्मचारी छानविन तथा मुल्यांकन समिति गठन गर्ने तथा मुल्यांकन समितिले २०८०।०६।१५ गते भित्र प्रतिवेदन कार्यपालिका बैठकमा पेश गरिसक्नु पर्ने निर्णय गरियो।

करार कर्मचारी मुल्यांकन समिति

| | |
|---|---|
| पुष्प बहादुर सिंह - | संयोजक |
| नरेन्द्र बहादुर सिंह - | सदस्य |
| सर्जन बहादुर थापा - | सदस्य |
| गंग बहादुर खड्का - | सदस्य |
| उत्तरा कुइकेल - | सदस्य |
| लोकेन्द्र बि.क. - | सदस्य |
| लेखा शाखा प्रमुख - | सदस्य |
| प्रशासन शाखा प्रमुख - | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत - | सदस्य सचिव |

निर्णय नं ६

यस नगरपालिका अन्तर्गत कृषि उपज संकलन केन्द्रको निर्माणको लागि बजेटको अख्तियारी ढिला प्राप्त भइ ठेक्का पट्टा प्रकृया अगाडी बढाइ मिति २०८०।०२।१० मा सम्झौता कार्य भए अनुसार मिति २०८०।०३।२४ गते भित्र कार्य सम्पन्न गर्नु पर्ने अवधि रहेकोमा उक्त छोटो अवधि भित्र निर्माणको सम्पूर्ण कार्य सम्पन्न गर्न नसकि बजेट फ्रिज भएकोले उक्त संकलन केन्द्र निर्माण कार्यको पलाष्टर, पेन्टिङ, सिडी र वाइरिङ लगाएतका कार्य गर्न रु १५ लाख बजेटको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७

यस नगरपालिकाका विभिन्न योजनाहरुको निर्माण कार्य गरिरहेका तपसिल बमोजिमका निर्माण सेवाहरुले लागत स्टिमेट बमोजिम निर्माण कार्य सम्पन्न गर्ने गरी ठेक्काहरुको म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | निर्माण सेवाको नाम | सम्झौता समाप्त भएको मिति | सम्झौता थप गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| १ | पानकोट नगरकोट राजकोट मोर्तोली सडक जनपा ३ | सन्तोषी निर्माण सेवा जनपा ७ | २०८०।०३।१५ | २०८०।०९।३० |
| २ | लौठीछडा खानेपानी निर्माण जनपा २ | सन्तोषी निर्माण सेवा जनपा ७ | २०८०।०३।१५ | २०८०।१२।३० |
| ३ | कोल्ड स्टोर निर्माण जनपा ३ | बर्मा वेताल निर्माण सेवा | २०८०।०३।३० | २०८०।०६।३० |

निर्णय नं ८

यस नगरपालिकाका अन्तर्गत टिमुरेडी खोलसिङ्गखोला देखि प्राविधिक शिक्षालय सम्मको सडक मर्मत कार्य खसड निर्माण सेवा मष्टा-१ सँग मिति २०८०।०२।२४ गते ठेक्का सम्झौता भइ २०८०।०३।२० गते भित्र मर्मत कार्य सम्पन्न गर्नु पर्नेमा ठेकेदारको लापरवाहीका कारण सम्झौता म्याद सम्म मर्मत कार्य प्रारम्भ समेत नगरी उक्त रकम फ्रिज भइ नगरपालिकाले क्षति ब्यहोर्नु परेकोले उक्त निर्माण सेवाको धरौटी रकम जफत गरी कालो सूचिमा राख्नको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ९

यस नगरपालिकाका अन्तर्गत झोलुङ्गेपुल निर्माण कार्यको प्राविधिक तथा सामाजिक सेवा प्रदान गर्नका लागि सामाजिक तथा प्राविधिक विकास सेवा समूह (GSTDS) संस्था सँग सम्झौता भइ सो सम्झौताको म्याद २०७९ चैत्रमा समाप्त भइसकेको साथै उक्त गैससले निर्माण कार्य सन्तोषजनक रुपमा नगरी झोलुङ्गेपुल निर्माण कार्यको बजेट समेत फ्रिज गएकोले नियमानुसार पून: गैसस छनौट प्रकृया अगाडी बढाउने निर्णय गरियो ।